नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :........................

आज मिति २०७४/०३/२२ गतेका दिन नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको संयोजकत्वमा चिकित्सा शास्त्रतर्फ चालु शैक्षिक सत्रमा विद्यार्थी भर्ना सम्बन्धमा छलफल गर्न बसेको बैठकबाट देहाय बमोजिमको निर्णयहरु भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छः

<u>निर्णयहरु</u>

१. चिकित्सा शास्त्रतर्फ चालु शैक्षिक सत्रमा बिद्यार्थी भर्नाका सम्बन्धमा हाल सम्मको प्रगति बारेमा छलफल भयो । सो सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७२ असोज १ गतेको निर्णय र सम्मानित सर्वोच्च अदालतको २०७२ मंसिर १५ एवं ०७३ जेष्ठ २१ गतेको आदेश बमोजिम योग्यताक्रम अनुसार ७ दिन भित्र विद्यार्थी भर्ना गराउने सम्बन्धमा व्यवस्था गरी सो को जानकारी यस कार्यालयलाई गराउने ।

२. सो बमोजिम नगरेमा प्रचलित कानून बमोजिम सम्बन्धन खारेजतर्फ सम्बन्धित निकायले आवश्यक कारबाही अगाडि बढाउने ।

३. परीक्षा नियन्त्रण कार्यालयमा गैर मेरिटबाट भर्ना भएका बिद्यार्थीहरुको रजिष्टेशन नगर्न त्रि. वि. वि. डीन कार्यालयबाट लेखिएको विषयमा यसको अद्यावधिक स्थितिका बारेमा ३ दिनभित्र जानकारी गराउने ।

२०७४ असार २२ गते

.................................
चिरञ्जिवी पौडेल
उपसचिव/ सहायक प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np